जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयबाट बाहिर निस्कनुहुन्थ्यो, उहाँ ‘गुफ्रानक’ भन्ने गर्नुहुन्थ्यो; जसको अर्थ हो— 'हे अल्लाह! म तपाईंसँग क्षमा याचना गर्दछु।'

उम्मुल-मुमिनीन(आस्थावानहरूकि आमा) आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, "जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयबाट बाहिर निस्कनुहुन्थ्यो, उहाँ ‘गुफ्रानक’ भन्ने गर्नुहुन्थ्यो; जसको अर्थ हो— 'हे अल्लाह! म तपाईंसँग क्षमा याचना गर्दछु।'"
[सही] [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचको आवश्यकता पूरा गरेर बाहिर निस्कनुहुन्थ्यो, तब उहाँले यो दुआ भन्नुहुन्थ्यो: “गुफ्रानक”, अर्थात्, 'हे अल्लाह! म तपाईंसँग क्षमा याचना गर्दछु।'

http://sunnah.global/hadeeth/ne/show/10046